संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

खबर

## बिमालेख हराएको सुचना

गाईघाटदेखि देउरी जादा मेरो निम्न व्यहोरा भएको बिमालेख हराएको हुादा नजिकको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नामः केशरी शिरोमणी खतिवडा

बिमालेख नम्बर : ११२००००९०५, नेपाल लाइफ इन्स्योरेन्स कं.लि.

ठेगानाः त्रियुगा नगरपालिका ५

सम्पर्क नं.९८६५२२५७७७

■ बर्ष-१५, ▶▶ अंक ३५३ ▶▶ असार २८सोमबार,२०७८, July–12 Monday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/- www.majhkharka.com

# गाईघाटमा पैदलयात्रुलाई बाटो छेक्नेहरु






२०४८साल देखि नेकपा एमालेको संगठित सदस्यको रुपमा काम गर्न सुरु गरेकी सिर्जना दनुवार संगको कुराकानी पेज २ मा

# रौतामा करोड लगानीको रिसोर्ट

❖ मनिता कुमारी राई



रौतामाई गाउपालिका ६ रौता पोखरीमा संचालनमा आएको रौतामाई दरबार होटलमा उदयपुर जिल्लाका पत्रकारहरु बाँयाबाट क्रमश भोटराज राई, यमन दनुवार, गजेन्द्र राई, दिनेश राई,

*रौतामाई, असार २७*

नेपाली काङ्ग्रेस त्रियुगा नगरकमिर्टिकको सभापति सरोज बस्नेतले उदयपुर जिल्लाको रौतामाईमा पहिलो लगानिमा रौतादरबार माउटेन भिउ रिसोट बनाएका छन्। धेरै मानिसहरुले रौटामा जग्गा किर्ने पनि कसैले लगानि गर्न नसक्केको र नचाहेको आफुले पहिलो पटक लगानि गर्न हिमत गरेको बस्नेतले बताए । बाहिर गएर केहि गर्नु भन्दा यहि केहि गरौ र रौताको विकास गर्ने सोच्ले रिसोट खोलेका हुन्। रिसोट बनाउँनका लागि डेढ करोड लगानि लागेको र ९० प्रतिशत काम भईसकेको छ। उट्घाटन हुन २ महिना लाग्ने तर सामान्य खान बस्नको ब्याबस्था रहेको छ। रौतामा रहेको होमस्तेहरु राम्रोसंग संञ्चालन हुन नसक्कोले सुविधा सम्पर्ण ९ वटा हाईफाई कोठाहरु र २ तल्ले विल्डिङ्ग २ वता कतेज र ८० जना अट्ने हल तयार भइसक्केको र त्यहा आउने पर्यतकहरुलाई अगार्निक खाना खुवाउने, बस्नेतले बताए। गाईघाटबाट रौता ४२ किलो मिटरमा रहेका छन्। ३८ किलो मिटर बातो पिच भइसकेको र ५ किलो मिटर बातो पिच हुन बाकि रहेको - ***बाँकी ३ पेजमा***

## प्रियंका फैन्सी पसल गाईघाट, मेनचोक



यहाँ सुपथ मुल्यमा कुर्था, सुरुवाल, सर्ट, पेन्ट, भेस्ट, बच्चाको कपडा सेट, विभिन्न डिजाइनमा पाइन्छ। स्थान - गाईघाट, मेनचोकको पूर्वबाँया साइड बिमलाा कोल्ड स्टोर, तिम्ला फोटो स्टुडियो सँगै ।

**सम्पर्क-९८४२८७६६८४**

## सम्पादकिय

# गाईघाट बजारको झार, जङ्गल कसले उखेल्ने ?

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजार सुन्दर बजारको नाम हो। बजार क्षेत्र त्रियुगा नगरपालिकाको वडा नम्बर ११ मा पर्दछ। बजार क्षेत्र बर्गकार रुपमा चारकोठे रुमाल जस्तो छ। मुख्यचोकमा उभिएर चारै दिशातिर हेर्ने हो भने सबैतिर समान दुरीमा चोक छ।

मुख्य चोकदेखि पुर्वपटी बैङ्कलाईन, बिधुत लाईन चोक छ। पश्चिमतिर सुबास गुप्ताको कमडा पसल चोक छ। त्यसको अर्को दुरीमा बाबारानी, शुभलक्ष्मी चोक छ। सुबास गुप्ताको कपडा पसल हिमाली टोलदेखि दक्षिणतिर पुरानो पेट्रोल पम्पचोक छ। पेट्रोल पम्पदेखि पूर्वतिर टेम्पोचोक छ। टेम्पोचोक मुख्यचोकदेखि दक्षिणतिर पर्दछ। टेम्पोचोकदेखि दक्षिणमा डियमगेट चोक पर्दछ। टेम्पोचोकदेखि पुर्व नगरपालिका, बैङ्क्लाईन चोक पर्दछ। त्यसको उत्तरपटि बैङ्कलाईन बिधुतमार्ग लाईन चोक पर्दछ। जुन मुख्यचोकको पुर्वपटी पर्दछ। बैङ्कलाइन बिधुतमार्गदेखि अलिक पूर्व जाने हो भने जिकेपुस्तक पसल चोक पर्दछ। पुन मुख्यचोक आउने हो भने मुख्य चोकदेखि उत्तरपटी लोकतान्त्रिक पिपलचोक पर्दछ। पिपलचोकको पूर्वपटी मनकामना हार्डवयरचोक घुम्ति घुमेर पुन बिधुतमार्गलाईनमा पुग्छ। बिधुत मार्ग बैङ्कलाइनचोकदेखि मुख्यचोक भएर सुबास गुप्ताको चोक हुँदै हिमालीटोल पुरानो बसपार्क भएर पिपलचोक पुगिन्छ।

यति सुन्दर, मिलेको, मिलाएर बनाईएको सहर, बजार बिरलै पाईन्छ। बर्गकार रुपमा रहेको सुन्दर बजार गाईघाटको सामान्य भौतिक पूर्वाधार भने हेरिसक्नु छैन। सडकपेटी लथालिङ्ग थियो भर्खरै ब्यवस्थित हुँदैछ। सडकपेटीमा घरवाला, पसलवालाको घर अगाडी रहेको झार, जङ्गल कसले उखेल्ने भनेर अहिले हेराहेरको अबस्थामा छ। सामान्यतया मानिस स्वच्छ रहन आफ्नो घर वरपरको झार जङ्गल आफैँले उखेल्ने सफा गर्ने हो। किरा, भुसुनाहरुबाट बँच्न पनि सफा गर्न जरुरी देखिन्छ। तर ब्यापारीहरुलाई ब्यापार गर्नमा नै खाली छैन। नगरपालिकाको आँखामा झार जङ्गल पर्दैन। अब कसले झार जङ्गल सफा गर्ने त। सबैले आ आफ्नो घर, पसल अगाडीको झार, जङ्गल, फोहोर सफा गरेर नगरपालिकाको गाडीमा उठाएर सफा गरी गाईघाट बजारको सुन्दरतालाई बचाउन सबैको दायित्व र कर्तव्य हो। त्यसैले सबै नगरवासीले गाईघाटको सुन्दरतालाई बचाईराखौं।


# बिके किराना पसल



३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि ग्राहकहरुको सेवामा समर्षित।

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको, होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल। गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर संगै, उदयपुर। *प्रोपाइटर* - भरत चामलिङ राई

सम्पर्क - ९८६८१९८५२४ / ९८०२३१५२९६


# समाजसेवा गर्न आमाबाट प्रेरणा पाएँ

















*बेद कुमारी राई*

उदयपुर जिल्लाको त्रियुगा नगरपालिका ९ राजाबासमा आमा स्वर्गिय धनरुपी दनुवार र पिता गुल्मान दनुवारको एक्लो सन्तान सिर्जना दनुवारको जन्म २०३२ साल असोज महिना ३० गत्तेका दिन भएको हो। उनि अहिले नेकपा एमाले जिल्ला कमिटी सचिवालय सदस्य सहित त्रियुगा नगरपालिकाको नगर कमिटीको अध्यक्ष छिन्।

उनले श्री जनता मावि राजावासबाट विद्यालय तहको पढाई पुरा गरीन भने सिराहाबाट आइए पास गरिन। राजनीतिक क्षेत्रमा उनका आफ्ना कोही लागेका छैनन् तर उनलाई भने राजनीति गरेर समाज सेवा गर्नेचाहानाले यो क्षेत्रमा तान्यो। उनी ८ कक्षा देखिनै नेकपा एमालेसंग आवद्ध भएर काम गर्दै आईरहेकी छिन्। सृजना पहिले नेकपा एमालेको सांस्कृतिक संगठन जनसांस्कृतिक संगठनबाट काम सुरु गरेकी थिइन्। उनी नेकपा एमालेमा २०४८ सालदेखि नेकपा एमालेको संगठित सदस्यको रुपमा काम गर्दै आइरहेकी छिन।

उनीले सामाजिक क्षेत्रमा पहिलो पटक राजाबासको झिल्केटोलको एक संस्था सरस्वती महिला क्लबबाट सुरु गरेकी हुन्। उनले त्यँहा काम सुरु गर्नुको मुख्य कारण त्यहा संस्था निर्माण गर्नु थियो। उनलाई समाज सेवा गर्ने प्रेरणा सोही झिल्केटोलको सरस्वती महिला क्लवको अध्यक्ष पुस्पलता बस्नेत राईबाट पाएकी थिइन। युवा जागरण क्लब चेलिबेटि क्लब,जस्ता विभिन्न क्लवहरुमध्ये उनि सरस्वती क्लबमा आवद्ध थिईन। त्यस संस्थाले सामाजिक काम गर्ने, कुसंस्कार,कुरीती, कुसंस्कृतीको विरुद्धमा लाग्ने तथा न्युनिकरण को अभियानमा १६ बर्षको उमेरमा लागेकी थिईन। बिकृतिको विरुद्धमा लडने साहस, अन्याय सहन नहुने, जागर, प्रेरणा उनले आफ्नो आमा स्वर्गीय धनरुपी दनुवारबाट पाएकी उनी बताउछिन। सिर्जनाले गैरसरकारी संस्थामा उदयपुर जिल्लाको ३ कार्यलय अध्यक्ष, महासंघको केन्द्रमा केन्द्रि सदस्य र केंद्रिय उपाध्यक्ष्य सम्मको पदमा बसेर सामाजिक काम गरीन। गैरसरकारी संस्था,महासंघ,मानव अधिकार,मानव अधिकार एलाइन्स जस्ता विभिन्न संग संस्थाहरुमा आवद्ध भएर सामाजिककाम र सामाजिक रुपान्तरण गर्ने विभिन्न संघसस्थामा नेतृत्वमा रहेर काम गरिन।

यो समाज रुपान्तरणको लागि,देश विकाशकोलागी,जनताको मुक्तिको लागि,पछाडी परेको समुदायको मुक्तिको लागि, राजनैतिक सामाजिक क्षेत्रमा आवद्ध भएर कार्य गर्दै आएकी र गर्दै जाने उनको भनाई छ।

उनि भन्छन समाजले बनाएको नियम कानुनले पनि महिलालाई पछाडी पारेको हो। विगत लामो समयदेखि नेपाल पुरुष प्रदान देश हो पित्रिसतात्मक सोच भएका वा हाम्र देशको संरचना कानुन परिवर्तन भएता पनि मान्छेको सोच मान्छेको विचार परिवर्तन हुन नसकेको उनको भनाई छ।

## रौता ...

बस्नेतले बताए । अहिलेको बर्खायाममा पनि सुमो मोटरसाइकलमा रौता पुग्न सकिन्छ । १७ सय किलो मिटर उचाइमा रहेको रौताको वातावरण स्वच्छ रहेको छ । पहिला फोक्सिन्टार देखि धाप्लापहिला फोक्सिन्टार देखि धाप्लाङ्गसम्म स्याप्टिङ्ग गराएका थिए। खान बस्ने खर्च रौतामाईको अध्यक्षले ब्याबस्था गरेका थिए । बेल्दोभानदेखि रौतासम्म केबलकार जोडने कुरा सम्भव नभएको र रौताको विकास नहुने बस्नेतले बताए । केबुलकारको साटो रौतादेखि १ दिन फोक्सिन्टार बस्ने र फोक्सिन्टारदेखि धाप्लाङ्ग सम्म त्यसपछि खोटाङ्ग हलेसि त्यस पछि तुवाचुङ्ग सम्म रयाफटिङ्ग बनाउँनका लागि रौतामाई , तुवाचुङ्ग तयार भएको तर त्रियुगा नगरपालिकाले अस्विकार गरेको बस्नेतले बताए ।








## अर्जेन्टिना .....

इमिलियोनो मार्टिनेजले उत्कृष्ट गोलरक्षकको पुरस्कार पाए । ब्राजिलले भने फेयर प्लेको पुरस्कार पाएको थियो । ईतिहाँस पल्टाएर हेड टु हेड हेर्दा ब्राजिल नै सफल देखिन्छ यो नजितासहित अहिलेसम्म ब्राजिल अर्जेन्टिनासँग ४१ मा मात्र पराजित, २५ मा बराबरी र ४६ मा विजयी नै भएको छ । तर यो भेटमा भने ब्राजिल अभागि देखियो । अर्जेन्टिनाले खेलअवधिभर ४० प्रतिशतमात्र बल नियन्त्रणमा लिँदा त्यसभन्दा बढि ६० प्रतिशतले बल नियन्त्रणमा राख्न सफल भएरपनि ब्राजिल हार्न पुग्यो । हारपश्चात ब्राजिलका कप्तान नेयमार जुनियर रुएका थिए । जीतपछि पनि अर्जेन्टिनाका कप्तान मेस्सी रुएका थिए। यी दुईले खेलपछि एकअर्कासँग भावुक रुपमा केहि लामो समय अँगालो मारेका थिए । पछि आफ्ना सहकर्मीहरुले मेस्सीलाई हावामा उडाएर खुशि तथा सम्मान व्यक्त गरेका थिए।




त्रिनपा - १० बोक्से यलम्बर टोल । यहाँ सम्पूर्ण किसिमका किराना तथा दैनिक उपभोग्य खाद्यान्न समाग्रीहरु सुपथ मूल्यमा पाईन्छ । साथै र ाँगा,बंगुर र ब्रोईलर कुखुर ाको मासु पनि उपलब्ध छ ।

**एस एण्ड एस सप्लायर्स**




सम्पर्क – ९८६२९३६१९०
९८१९७४५०६७
स्थान – गाईघाट टेम्पुचोक








## आमन्त्रण



जन्म-२०३४-६-९

स्वर्गारोहण
बि.स. - २०७८-३-१५

स्वर्गिय - **सुर्यबहादुर खड्का(अमृत)**

नेपाल निर्माण व्यवशायी संघ उदयपुरका सचिब सुर्यबहादुर खड्का (अमृत) को मिति २०७८ साल असार १५ गते असामयिक निधनले मर्माहत भएका छौ । दुखको यस घडिमा शोकसंतप्त परिवारजनमा गहिरो संवेदना प्रकट गर्दछौ । दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौ ।

अध्यक्ष
कौशल कुमार आचार्य

महासचिब
राजु रोका

**एवम निर्माण व्यवशायी संघ, उदयपुर परिवार**

# अर्जेन्टिनालाई २८ बर्षपछि कोपा कप मेस्सीको पहिलो अन्तर उपाधि

❖ बिबेक राई

*गाईघाट, असार २७*

आईतबार बिहान ५:४५ बजे भएको फाइनलमा अयोजक ब्राजिललाई १-० ले हराउँदै अर्जेन्टिना २८ वर्षपछि कोपा अमेरिका कप जीत्न सफल भएको छ। यसअघि १९९३ को ३६ औँ कोपा अमेरिका कप जीतेपछि अर्जेन्टिना त्यसयता आफ्नो अन्तर्राष्ट्रिय उपाधि विहिन हुँदै आएको थियो । अहिलेको ४७ औं कोपा अमेरिका कप जीतेसँगै चर्चित खेलाडी लियोनल मेस्सी आफ्नो खेलजीवनको पहिलो अन्तर्राष्ट्रिय उपाधि जीत्न सफल भएको छ। मेस्सी आफ्नो खेलजीवनमा अति सफल खेलाडी एवम् व्यावसायिक खेलजीवन क्लबबाट झन धेरै सफल खेलाडी तर राष्ट्रको लागि उपाधिविहिन भनेर निकै नै आलोचित हुने गरेका थिए ।

तर उमेर पाको हुँदै जाँदा खेलजीवनको उत्तारर्धमा आइपुगेका मेस्सीले कम्तीमा एक अन्तर्राष्ट्रिय उपाधि जीतेर ती सब आलोचनाको जवाफ दिएका छन् । आलोचनाको जवाफभन्दा पनि पहिले एकपटक अन्तर्राष्ट्रिय खेलबाट सन्यास लिएर फेरी सन्यास फिर्ता लिएर खेलमा फर्किएका मेस्सीले अब भने अन्तर्राष्ट्रिय खेलबाट सन्यास लिँदा पनि सुखद मानिन सकिनेछ । अहिलेसम्मकै सर्वाधिक छपटक बालोन डि ओर अर्थात फुटबल खेलको सर्वोत्कृष्ट पुरस्कार जीत्न सफल मेस्सीलाई व्याक्तिगत खेलजीवनको हिसाबमा सफल मानिन्छ । क्लब फुटबलमा पनि सफल उनले बार्सिलोनाबाट १० पटक ला लिगा र ४ पटक च्याम्पियन्स लिगको उपाधि जितिसकेका छन् ।

यसरि धेरै कुरामा सफल भएपनि राष्ट्रको लागि एउटापनि उपाधि जित्न नसक्दा उनलाई अर्जेन्टिनाको नभइ बार्सिलोनाकोमात्र खेलाडी भनेर आलोचना हुने गरेको थियो । राष्ट्रिय जर्सीमा उपाधिको भोको रहेका उनले अन्ततः आएर पहिलो अन्तर्राष्ट्रिय उपाधि जित्न सफल भएका छन् । यसअघि चारपटक विभिन्न प्रतियोगिताको फाइनल पुगेरपनि उपाधिबाट बञ्चित हुँदै आएका मेस्सीले पाँचौं फाइनलमा आएर आफ्नो प्रमुख अन्तर्राष्ट्रिय उपाधि जीत्न सफल भए। २०१४ को ब्राजिलमा भएको २० औं वर्ल्डकपको फाइनलमा ९० मिनेटपछिको अतिरिक्त समयमा आएर अर्जेन्टिना जर्मनीसँग १-० ले पराजित भएको थियो ।

यो नै मेस्सीको पहिले वर्ल्डकप फाइनल थियो। कोपा अमेरिका कपको कुरागर्दा २००७ को ४२ औं संस्करणमा ब्राजिलसँग फाइनलमा ३-० ले कप्तानीमा अर्जेन्टिनालाई २०१५ र २०१६ को ४४ औं र ४५ औं संस्करणको फाइनल पुऱ्याए । तर ती दुवै फाइनलमा अर्जेन्टिना चिलीसँग पराजित भयो । अहिले आएर बल्ल मेस्सी आफ्नो कप्तानीमा उपाधि जित्न सफल भए । २२ औं मिनेटमा एञ्जल डी मारियाले गोल गरेपछि अर्जेन्टिना उपाधिको हकदार बन्यो ।

उसो त ५२ औं मिनेटमा रिकार्लीसनको गोललाई अफसाइड दिनु ब्राजिललाई ठुलो घाटा साबित भयो । प्रतियोगिताभर कुल चार गोल गरेका मेस्सी कोलम्बीयाका लुइस डियाजसँगै सर्वाधिक गोलकर्ताको पुरस्कार जीत्नसमेत सफल भए । त्यसबाहेक मेस्सीले प्रतियोगिताभरको सर्वश्रेष्ठ खेलाडीको पुरस्कार पनि पाए । अर्जेन्टिनाको गोलरक्षक -

*बाकि ३ पेजमा*

मुलुकी दैनिक पत्रिकामा बिज्ञापन प्रकाशन गर्नुपरेमा, पत्रिकाको बार्षिक,

ब्यबस्थापक -९८४२९८५१८८




## आकर्षक घर बिक्रिमा



उदयपुर जिल्लाको सदर मुकाम गाईघाट बजार, संगमटोल, प्याराडाईज बोडिङ जाने सडकको मुख्य रोडदेखि साठी ६० मिटर भित्र रहेको अढाई तले आकर्षक ब्यापारिक घर बिक्रिमा ।

घरको आकर्षणहरु - भुँई तलामा २ वटा सटर, २ वटा कोठा, ट्वाईलेट बाथरुम, भर्याङ, पार्किङ भएको, माथिल्लो तलामा ३ वटा कोठा र कार्यक्रमहल अन्तिम तलामा दुई वटा कोठा र किचेन रुम भएको, बगैचा भएको, आफु बस्नको लागि बनाएको घर सुबिधा सम्पन्न र नयाँ

## भिमरैता हस्पिटलको सेवा गाईघाट, उदयपुर

हस्पिटल प्रमुख डाक्टर निर्मला चौधरीको कमाण्डमा २४ सै घण्टा सेवा दिईनेछ ।




स्थान. गाईघाट असारी रोड । सम्पर्क.९८१६७४५६१७

हाम्रा सेवाहरु-
१, डा. निर्मला चौधरी (MBBS)
२, डा.राम नारायण चौधरी( बालरोग बिशेषज्ञ)
३, डा.मनोज चौधरी(छाला रोग बिशेषज्ञ)
४, डा. सरोजकुमार साह(हार्डजोर्नी तथा नशा रोग बिशेषज्ञ)
५, डा. साधना साह( स्त्री रोग बिशेषज्ञ)
६, डा.रबिन्द्र चौधरी( वरिष्ठ फिजिसियन
७, डा. बलेश्वर यादब( नाँक,कान,घाँटी रोग बिशेषज्ञ)
६, डा. सुवास कुमारचौधरी( MBBS) युरोसर्जन

माझखर्क साप्ताहिकको सह-प्रकाशन मुलुकी दैनिक

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय – त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट